अनुसूची - १

(कार्यविधिको दफा ७ को उपदफा (१) संग सम्बन्धित)

बाणगंगा नगरपालिका

चौथो नगरसभा

## कार्यसूची र समय तालिका

सभा संख्या:०४

बैठक स्थानः वडा नं. २ हिलवर्ट ई.बो.स्कूल

अध्यक्षताः मगल प्रसाद थारु (नगर प्रमुख)

मिति:२०७५।१२।२२

| मिति | बैठक बस्ने समय (१०:१५) | कार्यसूची | संचालन तथा कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| | **प्रथम सत्र** | | | |
| | १०:१५ | सभाध्यक्ष | नगर प्रमुख मंगल प्रसाद थारू | |
| | १०:१५ | कार्यक्रमको संचालन | भिष्मराज भुषाल वडा नं. ५ अध्यक्ष | |
| | १०:३० | स्वागत मन्तव्य | बिष्णु पौडेल वडा नं. २ अध्यक्ष | |
| २०७५।१२।२२ | ९:४० | कार्यक्रमको उद्घाटन | प्रमुख अतिथी माननीय प्रदेश सभासद् ५ नं. प्रदेश बिष्णु पन्थी | |
| | १०:३० | चालु आ.व.०७५।७६ को बार्षिक प्रगति र समिक्षा | नगर प्रमुख मंगल प्रसाद थारू | |
| | ११:०० | मन्तव्य | नगर उपप्रमुख, विशेष अतिथी तारावती थारू, बिष्णु पन्थी | |
| | १:१० | सम्मान तथा मायाको चिनो वितरण | प्रमुख अतिथी, विशेष अतिथी | |
| | १:१५ | प्रथम सत्रको समापन | नगर प्रमुख मंगल प्रसाद थारू | |
| | **दोस्रो सत्र** | | | |
| | २:०० | सभाध्यक्ष | मंगल प्रसाद थारु (नगर प्रमुख) | |
| | २:१५ | राजस्वका दरहरुमा थप र संसोधन<br>चालु आ.व.को लागि बिनियोजन भएको रकममध्ये विभिन्न शिर्षकमा रकमान्तर | चक्रपाणी अर्याल (नगर उपप्रमुख) | |
| | २:३० | आ.व.०७४।७५ मा सम्पादन भएका कार्यहरुको महालेखा परीक्षकको कार्यालयबाट औलाईएका बेरुजुमाथी छलफल | ध्रुवकुमार बेल्बासे (वडा अध्यक्ष वडा न.९) | |
| २०७५।१२।२२ | २:४५ | स्वास्थ्य सेवाको गुणस्तर सुधार<br>कपिलवस्तु सामुदायिक अस्पतालको लागि प्रसुती गृह निर्माणका लागि संघ र प्रदेश सरकार समक्ष माग गर्ने | भिष्मराज भुसाल (वडा नं. ५ अध्यक्ष) | |
| | २:३ | नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण ऐलानी, वन तथा नम्बरी जग्गाको पुन:नापी गर्न सम्बन्धित निकायमा माग गर्ने<br>सम्बन्धीत वडाभित्र रहेका सार्वजनिक स्थल, सम्पत्तीको रेखदेख तथा संरक्षण गर्ने सम्पूर्ण जिम्मेबारी वडा मार्फत व्यवस्थीत गर्ने<br>वडा भिभाजन तथा सिमाकंनको स्पष्ट रेखांकनका लागि नापी भिभागमा माग<br>सुकम्बासी समस्याको समाधान र व्यवस्थापनको लागि प्रदेश सरकारसंग माग गर्ने | गणेश बहादुर क्षेत्री (वडा नं. ४ अध्यक्ष) | |
| | ३:१५ | सार्वजनिक महत्वका विषयहरु निर्णयार्थ पेश गर्ने | गुणनिधी भुसाल (वडा नं. ८ अध्यक्ष) | |

### छलफलको समय तालिका

| मिति | बैठक बस्ने समय (२:००) देखी | कार्यसूची | प्रस्ताव प्रस्तुत कर्ताको नाम | छलफलमा बोल्ने सदस्यको नाम र तोकिएको समय | कैफियत |
|---|---|---|---|---|---|
| २०७५।१२।२२ | ३:२० | प्रगति प्रतिवेदन र समिक्षा | मंगल प्रसाद थारु (नगर प्रमुख) | झलक मल्ल ठकुरी | |
| | ३:०० | प्रगति प्रतिवेदन र समिक्षा | मंगल प्रसाद थारु (नगर प्रमुख) | कुल बहादुर सोमै | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३:२० | प्रगति प्रतिवेदन र समिक्षा | मंगल प्रसाद थारु (नगर प्रमुख) | रामनक्षेत्र चौधरी | |
| | ३:३० | प्रगति प्रतिवेदन र समिक्षा | मंगल प्रसाद थारु (नगर प्रमुख) | सरितादेवी ढकाल | |
| | ४:०० | नगर सभाको समापन | | | |

बाणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगंगा, कपिलवस्तु
५ नं. प्रदेश, नेपाल

मंगल प्रसाद थारू
नगर प्रमुख

मंगल प्रसाद थारु
नगर प्रमुख

**बाणगंगा नगरपालिकाको चौथो नगर सभा २०७५।१२।२२ का निर्णयहरु:-**

१. **चालु आ.व.०७५।७६ को हालसम्मको प्रगति तथा समिक्षा सम्बन्धमा**

**निर्णय:** नगर प्रमुखज्यूबाट प्रस्तुत बाणगंगा नगरपालिकाको चालु आ.व.०७५।७६ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार योजना तथा कार्यक्रमहरुको हालसम्मको निम्नानुसारको प्रगति तथा समिक्षात्मक प्रतिवेदन नगरसभाको सर्व सहमतीबाट पारित गरियो ।

# बाणगंगा नगरपालिका

## चौथो नगरसभामा नगरप्रमुख द्वारा प्रस्तुत मन्तव्य

प्रमुख अतिथिज्यू,
जिल्ला समन्वय समिति, कपिववस्तुका उपसंयोजकज्यू,
नगरसभाका सबै सदस्यज्यूहरु,
विभिन्न संघसंस्थाहरुबाट प्रतिनिधित्व गर्ने प्रमुख तथा प्रतिनिधी ज्यूहरु,
पत्रकारज्यूहरु,
नगरपालिकाका कर्मचारीहरु,
भद्र महिला एवं सज्जनवृन्द !

यस बाणगंगा नगरपालिकाको चौथो नगरसभाको उद्घाटन सत्रको अवसरमा यहाँ उपस्थीत सम्पूर्ण महानुभावहरुलाई बाणगंगा नगरपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दछु । यस नगरपालिकाको नगर प्रमुखको रुपमा चौथो नगर सभामा सम्बोधन गर्न पाउँदा अत्यन्त हर्षित छु ।

राज्यको वर्तमान व्यवस्था अनुसार स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा जनताको प्रतिनिधी मार्फत कानून बनाउन सक्ने अधिकार रहेको छ । स्थानीय तहसम्म नागरिकको अधिकार प्राप्ती तथा आर्थिक सामाजिक समृद्धिका लागि भएका विभिन्न आन्दोलनमा सहादत प्राप्त गर्नु हुने ज्ञात अज्ञात सम्पूर्ण शहीदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

नेपालको संविधानले नगरपालिकालाई स्थानीय सरकार सञ्चालनको अधिकार प्रदान गरेको छ । स्थानीय तहको गठन भै स्थानीय तहले दैनिक प्रशासनिक तथा विकास निर्माणका कार्यहरु गर्दै आएको छ । उक्त कार्यहरु सम्पादन गर्दा सकेसम्म स्थानीय जनताको अपेक्षा बमोजिम हुने गरी संचालन गर्दै आईएको छ । स्थानीय सरकार संचालनको लागि आवश्यक पर्ने ऐन, नियम, कार्यविधि, निर्देशिका लगाएतका कानूनहरु कार्यान्वयनमा ल्याई सोही अनुसार कार्य भईरहेको छ ।

**प्रमुख अतिथी, विशेष अतिथी, अतिथी एवं नगरसभाका सदस्यहरु तथा उपस्थित आदरणीय महानुभावहरु**

अब म यस नगरपालिकाको आ.व.०७५।७६ मा कार्यालयले सम्पादन गरेका प्रगति तथा वर्तमान समयमा रहेका समस्या तथा चुनौतिहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**हालसम्मका मुख्य मुख्य प्रगतिहरु**

➢ **संस्थागत विकास शुसाशन तथा सेवा प्रवाह तथा न्यायिक कार्य सम्पादन तर्फ**

- संविधानमा व्यवस्था भएको प्रावधान अनुसार यस नगरपालिकाका नगर उपप्रमुखको संयोजकत्वमा गठन भएको न्यायीक समितिमा हालसम्म २९ वटा उजुरीहरु दर्ता भएका र १५ वटा उजुरीहरुको फैसला भई किनारा लगाईएको र बांकी छलफलको क्रममा रहेका छन ।
- प्रत्येक वडामा ३ जना मेलमिलापकर्ता छनौट गरी उनीहरुलाई तालिम दिई बस्तीस्तरबाटै विवादको मेलमिलाप गराउन २०७६-वैशाख महिना भित्रै तालिम दिने कार्यक्रम तय गरिएको छ । तत्: पश्चात समुदाय स्तरमा हुने विवादहरुलाई स्थानीय स्तरबाटै समाधान हुने ब्यवस्था हुनेछ ।
- सम्पूर्ण वडा कार्यालयहरुमा आवश्यक प्रविधि र पूर्वाधारको व्यवस्थापन गरि वडा कार्यालयहरु मार्फत कर संकलन र व्यक्तिगत घटना दर्ता समेत अनलाईनबाट सेवा प्रवाह भैरहेको । मोवाईल एप्स संचालनमा ल्याईएको ।
- नगरपालिकाको दीर्घकालित आवधिक योजना तर्जुमा कार्य शहरी विकास तथा भवन निर्माण विभाग मार्फत अन्तिम चरणमा पुगेको ।
- चालु आ.व.मा २०७५ श्रावण देखि हालसम्म जन्म:१९४७, मृत्यु:३९४, सम्बन्ध बिच्छेद:१२, विवाह:६६३, बसाई सराई आएको:६६१, बसाईसराई जाने: १५६ गरी जम्मा ३२१८ को घटना दर्ता सम्पन्न भएको ।

- नगरपालिका मा हालसम्म १०० वटा टोल विकास संस्था गठन भई स्थानीय स्तरमा क्रियाशिल रहेका छन ।
- नगरपालिकाको दमकल चालु हालतमा रही आगलागीका विभिन्न घटनाहरुलाई नियन्त्रणमा सहयोग गरिरहेको । नगरमा विभिन्न कारणले विपद्मा परेकाहरुको लागि नगरको दैवि प्रकोप कोष मार्फत विभिन्न सहयोगहरु उपलब्ध गराउँदै आएको ।
- यस नगरपालिका भित्र रहेका विभिन्न जातजातीहरुको मौलिक संस्कृतीको जगेर्ना तथा प्रवर्धन गर्न विभिन्न महोत्सव दिवस पर्वहरु मनाउने कार्यक्रमहरु नियमितरुपमा भैरहेका छन् ।
- नेपाल सरकारको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालन भएको रोजगार सेवा केन्द्र स्थापना भएको र सो मार्फत बेरोजगार ब्यक्तिहरुको विवरण वडा कार्यालयहरु मार्फत संकलनको लागि समन्वय भई कार्य प्रक्रियामा रहेको छ ।
- नेपाल सरकारको कर्मचारी समायोजन ऐन, २०७५ अनुसार कर्मचारी समायोजन भई हाल आउने क्रम जारी रहेको ।
- नगरको सहकारी ऐनको अन्तर्गत रही दर्ता र नियमन कार्य भैरहेको ।

➢ **पशु सेवा तर्फ**

- गाई, भैसी, बंगुर, बाख्रा पालन सम्बन्धी तालिम भएको र खोर सुधार अनुदान कार्यक्रमहरुको सूचना प्रकासित भै कार्यान्वयनको प्रक्रियामा रहेको । पशु नश्ल सुधारको लागि बोका, राँगो वितरण प्रक्रियामा रहेको र कृतिम गर्भादान तर्फ गाई-८५६, भैसी-३४३ गरी जम्मा ११९९ गोटा मा कृतिम गर्भादान सेवा भएको । पशु आहार बिकास कार्यक्रम तर्फ: दुध उत्पादन प्रबर्धनको लागि यूरिया, मलासेस, मिनरल ब्लक नमूना प्रदर्सन तालिम सम्पन्न भएको हिउँदे घाँसको विउ जैघाँस: ११०० केजी र बर्षिम २७५ के.जी. बितरण भै सकेको ।
- घाँसको विउ निशुल्क वितरण कार्यक्रम अन्तर्गत बर्खे घाँस, सुडान, टिओसेन्टी ४६१ के.जी. पशु फर्म तथा कृषकहरुलाई वितरण भै सकेको ।
- पशु औषधी खरिद भैसकेको र गाई भैसीहरुमा परजीवि नियन्त्रण:८२५ गोटा र बाख्रा, बंगुरमा १२८२, गोबर परीक्षण सेवा १८२५ संख्यामा सम्पन्न भएको ।
- प्रदेश सरकार, नगरपालिका र स्थानीय उपभोक्ताहरुको सहभागीतामा कूल १५ लाख रकम बराबरको बाख्राको नश्ल सुधार तथा श्रोत केन्द्र जिनुवा, मोतिपुर, मधुवनका किषानहरुलाई समेटी स्थापनाको प्रक्रिया अगाडी बढेको ।
- पशुपन्छी तथा पशु आहार श्रोत केन्द्र स्थापनकाको लागि सूचना प्रकासित गरि प्रक्रिया अगाडि बढाईएको ।

➢ **लक्षित कार्यक्रम तर्फ :**

- ५४ वटा कार्यक्रमहरु सम्पन्न भई रु. ६१ लाख खर्च भैसकेको जसबाट ८२९८ जना लाभान्वित भैसकेका छन र बांकी कार्यक्रमहरु कार्यान्वयनको प्रक्रियामा रहेका छन ।
- नगरलाई बालमैत्री नगर घोषणाको लागि सबै वडाहरुमा सरोकारवालाहरुलाई समेटी बालमैत्री स्थानीय शासनको लागि अभिमूखिकरण कार्यक्रम सम्पन्न भएको ।

➢ **कृषि विकास तर्फ:**

- कृषक समूहहरुलाई च्याउ खेती प्रबर्दनको लागि टहरा निर्माण, बल्व बनाउने मेशिन र बफाउने मेशिन उपलब्ध गराईएको । कृषि साना सिंचाई कार्यक्रम पम्मसेट मोटर वितरण गरिएको । बसन्ते मकै र तरकारी विउ विजन निशुकल्क वितरण गरिएको ।
- आकस्मिक बाली संरक्षण सेवा, विसादी तथा भिटामिन खरिद गरिएको र वितरणको प्रक्रियामा रहेको ।
- ११ वटै वडामा पोषण कार्यक्रम सम्पन्न भैसकेको अगुवा कृषक हरुलाई तालिम प्रदान गरिएको ।
- कृषि मेला प्रदर्शनीमा नगरभित्रका कृषि उपजहरु प्रदर्शन गरिएको ।
- प्रदेश सरकार, नगरपालिका र स्थानीय उपभोक्ताहरुको सहभागीतामा कूल २० लाख रकम बराबरको कृषि उपज संकलन केन्द्र वडा नं. ४ मा स्थापनाको प्रक्रिया अगाडी बढाईएको ।

➢ **स्वास्थ्य सेवा तथा सरसफाई तर्फ:-**

- कुष्टरोग पहिचानको लागि चर्मरोग र क्षयरोगी पहिचानको लागि खकार जाँच शिविरहरु वडा नं.९ को भलबाड र वडा नं. ३ को भक्तौलीमा संचालन भई सम्पन्न भएको ।

- हात्तिपाईले रोग बिरुद्धको औषधी सेवन अभियान, पूर्ण खोप दिगोपनावारे नगरस्तरीय स्वास्थ्य कर्मीहरुको अन्तर्क्रिया र स्वास्थ्य क्षेत्र तर्फको बहुक्षेत्रीय पोषण कार्यक्रमको कार्यक्रम सम्पन्न भएको ।
- यस आ.व. देखि यस नगरपालिकाको वडा नं.५ कोफ्वामा बर्थिङ सेन्टर संचालनमा गरिएको ।
- हाम्रो नगर सफा नगर कार्यक्रम अन्तर्गत कोठी कोईली सरसफाई अभियान नमूनाको रुपमा संचालन गरिएको ।

➢ **आयुर्वेद तर्फः**

- जेष्ठ नागरिक, स्थनपायी पोषण, पूर्वक्रम पंचक्रम, गाउँघर क्लिनिक, निशुल्क आयुर्वेद शिविर, विद्यालय योग शिक्षा कार्यक्रममा १३७६ पुरुष र २१९० महिला गरी कूल ३५६६ जना प्रत्यक्ष रुपमा लाभान्वित भएको ।

➢ **शिक्षा तथा खेलकुंद तर्फ**

- शिक्षा तर्फका विद्यालय क्षेत्र विकास कार्यक्रम, सबैकालागि शिक्षा, राष्ट्रिय युवा परिषद् तर्फ समेतका कार्यक्रमहरु नियमित रुपमा संचालन भएका छन् । बहुक्षेत्रीय पोषण तर्फको वक्तृत्वकला प्रतियोगिता र फोकल शिक्षक अभिमूखिकरण कार्यक्रम सम्पन्न भएको साथै २०७५ चैत्र २३ देखि दोस्रो मेयरकप फुटवल र प्रथम राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न हुने गरी कार्यक्रम तय गरिएको छ । बहुक्षेत्रीय पोषण शिक्षा तर्फका कार्यक्रम बक्तृत्व कला र फोकल शिक्षक तालिम संचालन भएको ।
- सामुदायिक सिकाई केन्द्र भलवाडद्वारा ११ दिने ढकिया बुनाई तालिम सम्पन्न गरिएको छ ।
- निम्न माध्यामिक तहको स्वीकृत पाठ्यक्रममा रहेका योग आशन सम्बन्धमा शिक्षकहरुका लागि नगर भित्रका विभिन्न ६ स्थानहरुमा २०७५-१२-१९ देखि १२-२५ सम्म सम्पन्न भएको ।
- शैक्षिक सत्र २०७५ देखि नगर भित्रका सबै शैक्षिक संस्थाहरुमा हुने विभिन्न क्रियाकलापहरुमा एक रुपता कायम गर्नका लागि शैक्षिक क्यालेन्डर निर्माण कार्य भैरहेको ।
- ५ वटा ४ कोठे भवन दोस्रो बर्ष निर्माण कार्य भईरहेको र यस बर्ष २ कोठे २ वटा भवन प्राप्त भई शान्ति आधारभूत विद्यालय वडा नं. ४ डुंगहवा र कपिलवस्तु आधारभूत विद्यालय वडा नं. २ राजपुरमा निर्माणको प्रक्रियामा रहेको । साथै सिद्धार्थ आधारभूत विद्यालय वडा नं.४ गजेहडा र पञ्च आधारभूत विद्यालय वडा नं. २ बैजलपुरमा पानी सहितको २ वटा शौचालय निर्माणकार्य प्रक्रियामा रहेको ।
- २०७५ मंसिर १९ गते प्रदेशन नं. ५ का सामाजिक विकास मन्त्रालयका मन्त्री श्री शुदर्शन बराल ज्यूको प्रमुख आतिथ्यतामा नगरक्षेत्रलाई पूर्ण भर्ना नगर घोषणा गरिएको ।

➢ **घरनक्सा तर्फ**

| पुरानो घर नक्शा पास अभिलेख | | नयाँ घरनक्शा पास | |
|---|---|---|---|
| शिर्षक | संख्या | शिर्षक | संख्या |
| पुरानो घर दर्ता | ४२९ | नयाँ घर दर्ता | १३० |
| पुरानो घर अभिलेख | ४५९ | नयाँघर प्लिन्थ लेभल | १२७ |
| पुरानो घर रोक्का | ८० | नयाँघर सुपर | ९९ |
| | | नयाँ घर सम्पन्न | ७६ |
| | | नयाँ घर रोक्का | ३५ |
| | | नयाँ घर तला थप | २ |
| | | नयाँघर तलाथप सुपर | २ |

➢ **भौतिक पूर्वाधार तर्फ :**

- ५लाख मूनीका योजना १८९, ५लाख देखि २० लाख सम्मका योजना ५९, र २० लाख भन्दा बढी २१ वटा योजनाहरु रहेका छन ।
- सार्वजनिक भवन निर्माण-१९, प्रतिक्षालय-२, सडक निर्माण तथा स्तरोन्नती ग्राभेल-१९ कि.मी., स्टक्चर कालोपत्रे-१५ कि.मी, कल्भर्ट २८ वटा, नाली निर्माण ५ कि.मी., पार्क निर्माण-४ वटा, खानेपानी-२२ वटा, बाउन्ड्रीवाल १ कि.मी., विद्यालय

मंगल प्रसाद थारु
नगर प्रमुख

भवन ६ वटा, सिंचाई तथा कूलो निर्माण १.५ कि.मी., पोखरी संरक्षण ५ वटा कार्यक्रम सम्पन्न गर्ने लक्ष रही नगर सभावाट स्वीकृत योजनाहरु कार्यान्वयन चरणमा रहेका । ३८ वटा योजनाहरु कार्य पूर्ण रुपमा सम्पन्न भई भुक्तानी गरिएको ।

- चालु आ.ब. मा संघीय सरकारबाट प्राप्त विशेष अनुदान र समपुरक अनुदानबाट जन सहभागीता जुट्न सक्ने स्थानलाई समेत मध्यनजर गरी निर्णय भए अनुसार देहाय बमोजिमका कार्यक्रमहरु कार्यान्वयन प्रक्रियामा रहेका छन ।

| क्र. सं. | शीर्षक | कुल लागत | संघ | नपा समपुरक | उ.स./अन्य निकाय/स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | भर्लाबास भर्तापुर खानेपानी योजना निर्माण वडा नं. ९ | १करोड | १करोड | ० | ० | |
| **समपुरक कोष अन्तरगतका कार्यक्रम (संघ) कुल प्राप्त रकम ३ करोड २५ लाख १७ हजार** | | | | | | |
| १ | ओदारी उच्च मावि वडा नं ११ र महेन्द्र मावि वडा नं ५ मा भवन निर्माण (बहुबर्षिय योजना) | २ करोड २७ लाख | ९०लाख ८० हजार | १करोड ३६लाख २० हजार | 0 | नपाको म्याचिङ्ग फण्डबाट बेहोरिने रकम मध्ये आ.ब. ०७५।७६ मा ६८ लाख १० हजार र आ.ब. ०७६।७७ मा ६८ लाख १० हजार बेहोरिने । |
| २ | जीतपुरदेखि नन्दनगर हुँदै सिमलपानी वडानं १ कालोपत्रे | १करोड २लाख | ४०लाख ८०हजार | ३०लाख ६०हजार | ३०लाख ६०हजार | उपभोक्ताको ३० लाख ६० हजार |
| ३ | तिनकुने चोकदेखि पश्चिम राजपुर बगिया हुदै वडा नं. १ सिमाना जोड्ने सडक कालोपत्रे | १करोड | ४०लाख | ३५लाख | २५लाख | नपा समपुरकको रुपमा बेहोर्नै ३५ लाख रकम सोही सडकमा विनियोजित ३५ लाख मध्येकै रकमबाट खर्च गर्ने |
| ४ | गजेहडा गाउँ भित्र बाँकी खण्ड पिच वडा नं ४ | १करोड | ४०लाख | ३५लाख | २५लाख | नपा समपुरकको रुपमा बेहोर्ने ३५ लाख रकम सोही सडकमा विनियोजित ३५ लाख मध्येकै रकमबाटखर्च गर्ने |
| ५ | वैरिया झुगा बभनी सडक वडा नं. ३ | १करोड | ४०लाख | ४०लाख | २५लाख | नपा समपुरकको रुपमा बेहोर्ने ३५ लाख रकम सोही सडकमा विनियोजित ३५ लाख मध्येकै रकमबाट खर्च गर्ने |
| ६ | पिपरा डाँडा चोकदेखि पश्चिमतर्फ विसनपुरा गाउँ हुँदै झुगा मन्दिरसम्मको सडक पिच | १करोड | ४०लाख | ४०लाख | २५लाख | नपा समपुरकको रुपमा बेहोर्ने ३५ लाख रकम म्याचिङ्ग बाट बेहोर्ने |
| ७ | मर्थी चोकदेखि बनगाइ जाने पुरानो बाटो कालोपत्रे वडा नं. ११ | १करोड | ४०लाख | ३०लाख | ३०लाख | नपा समपुरक कोषबाट बेहोर्ने रकम सोही सडकमा ७०/३० लागि विनियोजित रकमबाट सम्बन्धित उ.स.ले काम गर्न नसक्ने भनी लेखि आएकोले सो रकम यसैमा खर्च गर्ने । अन्य स्रोतको हकमा उपभोक्ता तथा अन्य स्रोतबाट प्राप्त हुने रकमबाट बेहोर्ने । |

- चालु आ.ब. मा प्रदेश सरकारबाट समपूरक अनुदानबाट कार्यान्वयन हुने गरि स्वीकृत देहाय बमोजिमका कार्यक्रमहरु कार्यान्वयन प्रक्रियामा रहेका छन ।

| सि. नं. | योजनाको नाम | कुल लागत | सहभागिता | | |
|---|---|---|---|---|---|
| | | | प्रदेश सरकार | नगरपालिका | उ.स./अन्य |
| १ | बोडगाउँ मधुवन पावरा अर्घाखाँची जोडने सडक कालोपत्रे | १ करोड ५ लाख | ५०लाख ३ हजार | २५लाख २ हजार | २५लाख |
| २ | भक्तौली बनकट्टी सडक | ५०लाख १०हजार | २५लाख ५हजार | २५लाख ५हजार | |

| | | | | | |
|---|---|---|---|---|---|
| | कालोपत्रे | | | | |
| ३ | दरखास्त बुड्ची सडक कालोपत्रे | ५०लाख १०हजार | २५लाख ५हजार | १०लाख २हजार | १५लाख ३हजार |
| ४ | राजपुर देखि च्यानेटे चौपारी सम्म सडक कालोपत्रे | ५०लाख १०हजार | २५लाख ५हजार | १०लाख २हजार | १५लाख ३हजार |
| ५ | सिद्धार्थ सभाहल | | १करोड | | |

- प्रदेश सरकार ५ नं. प्रदेशबाट मालिका मन्दिर बन्डौली, दुर्गा मन्दिर बाणगंगा, लक्ष्मणघाट घाट व्यवस्थापन तथा सुदृढीकरण, झन्डा-बनगाई-मोतिपुर-जिनुवा-डोहोटे सडक कालोपत्रे, ओदारी-भडसडवा-प्रगतिनगर-पटना सडक कालोपत्रे, पिपरा अस्पताल चोक देखि वैजलपुर हुँदै नन्दनगर कालोपत्रे, तिनैया पिच सिमाना देखि लखनपारा हुँदै भक्तौली कालोपत्रे, कार्यक्रमका लागि रकम विनियोजन भई कार्य प्रक्रिया अगाडी बढेको।
- यस नगरपालिकाको आफ्नो भवन निर्माणको काम अन्तिम चरणमा पुगेको र करीव ९५ प्रतिसत काम सम्पन्न भै सकेको।
- फोहोरमैला व्यवस्थापनको लागि वैकल्पिक उर्जा प्रबर्दन केन्द्रबाट अध्ययन प्रतिवेदन प्राप्त भईसकेको।
- बोडगाउँ-मोर्मी-भर्लाबास सडक को सडक बिभागबाट टेन्डर स्वीकृत भई १ कि.मी. बाटो पक्की गर्ने कार्य शुरु भएको।
- वडा नं. ८ अन्तर्गत लौगाई-मोर्मीमा करिव १ कि.मी. पक्की कुलो निर्माण कार्य अगाडी बढेको। सोही वडा अन्तर्गत संघिय कृषि मन्त्रालय बाट ढोडेकोलमा र भैरहवा जलउत्पन्न तथा भूसंरक्षण अन्तर्गत चप्परगाउँमा डिप बोरिङ जडानको कार्य अगाडी बढेको।
- सांसद बिकास कोष, राष्ट्रपति चुरे संरक्षण कार्यक्रमहरु प्राप्त भएको।

➢ **आर्थिक तथा वित्तिय व्यवस्थापन तर्फः**

- आन्तरीक आय तर्फ कूल ३ करोड ७० लाख उठाउने लक्ष्य रहेकोमा हालसम्म २ करोड १८ लाख प्राप्त भईसकेको।
- नदीजन्य पदार्थको कोईली खोलाको रु.१करोड १७लाख ५५हजार ५सय पच्पन्न र बाणगंगा खोलाको ४करोड ११लाख (भ्याट बाहेक) मा ठेक्का सम्झौता भई कार्य संचालन भैरहेको।
- यस आ.व.०७५।७६ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार बिनियोजित बजेट रु.८८ करोड बाट हालसम्म रु.३४ करोड ५५ लाख खर्च भई (३९%) वित्तिय प्रगति भएको छ। नगरपालिकाको उपभोक्ताहरुको लागि शुन्य पेश्की नीति भएको, नदीजन्य पदार्थको ठेक्का व्यवस्थापन ढिला हुन गई निर्माण सामाग्रीहरुको अभाव जस्ता कारणले गर्दा योजना कार्यान्वयनमा ढीला हन गई वित्तिय प्रगति कम देखिएता पनि हाल सबै योजनाहरु कार्यान्वयनको चरणमा रहेकोले तोकिएकै समयमा योजना सम्पन्न गर्न सकिने स्पष्ट आधार रहेको छ।
- सडक बोर्ड नेपाल र नगरपालिकाको लागत सहभागीतामा बुड्ची-जहदी सडक खण्ड मध्ये बाणगंगा नगरक्षेत्रमा पर्ने विभिन्न क्षेत्रहरुमा सडक मर्मतको प्रक्रियामा रहेको छ।

**समस्या तथा चुनौतीहरु**

- विषयसँग सम्बन्धित कर्मचारीहरुको हालसम्म व्यवस्था हुन नसकेकोले छलफल गरिएका मुद्दाहरुलाइ कानून बमोजिम किनारा लगाउने काम ढिला भएको।
- कर्मचारी समायोजन प्रक्रियाबाट खटाईए बमोजिम केही कर्मचारीहरु हालसम्म हाजिर भैनसकेको। वडा कार्यालयहरुमा आवश्यकता अनुसारको जनशक्ति व्यवस्थापन गर्न नसकिएको। हालसम्म पनि नगरपालिकाको प्राविधिक कामको तुलनामा प्राविधिक तर्फका हाल मौजुदा कर्मचारीहरु अत्यन्तै न्यून रहेको।
- संघ तथा प्रदेशबाट समपूरक र विशेष अनुदानका योजनाहरु आएतापनि नगरपालिकाका ठूला योजनाहरुको रुपमा संचालन हुन नसकेको र साना तथा टुक्रे योजनाहरु माग गर्ने प्रवृतीलाई न्यूनिकरण गर्न नसकिएको।
- शैक्षिक विकास तर्फ विगतका बर्षहरुमा जिल्ला शिक्षा कार्यालयबाट सम्झौता भई कार्यान्वयनमा रहेका ४ कोठे भवन निर्माणको जिम्मा यस नगरपालिकामा प्राप्त भएता पनि पहिलो बर्षको कार्य प्रगतिको कार्य सम्पन्न प्रतिवेदन प्राप्त नभएकोले

निरन्तरता दिन जटिल रहेको । साथै सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या न्यून रही कतिपय विद्यालयहरु मर्ज गर्नुपर्ने र शिक्षक दरबन्दी मिलान गर्नुपर्ने देखिएको ।

- स्वास्थ्य संस्थामा सुत्केरी गराउनेहरुको संख्या न्यून रहेको । कुष्ट रोग अपेक्षित मात्रामा नियन्त्रण हुन नसकेको ।
- कृषि विकासको लागि सिंचाईको प्रयाप्त व्यवस्था नहुनु खन्डिकरण व्यापक हुनु र उत्पादित कृषिजन्य र दुग्दजन्य पदार्थहरुको बिक्रि वितरणको लागि उचित मूल्य प्राप्त गर्ने नसक्नु जस्ता समस्याहरु रहेको ।
- यस नगरपालिकामा प्राप्त हुने राजस्व का दायराहरुबाट प्रयाप्त राजस्व संकलन गर्न सकिने भएता पनि आफूले तिरेको कर समग्र नगरको विकासको लागि हो भन्ने सोचाईमा परिवर्तन गर्न नसकिएको । सेवा लिए वापत तिर्नुपर्ने शुल्क र कर बाहेक अन्य शुल्क र कर प्राप्त गर्न नसकिएको ।

उपरोक्त समस्या तथा चुनौतीहरुलाई समाधान गर्नको लागि देहाय बमोजिमका नीतिहरु अवलम्बन गरिने छ

- संघ र प्रदेश सरकारसंग नगरपालिले प्राथमिकता निर्धारण गरेका क्षेत्रमा लगानी बृद्धि गर्न पहल गर्ने ।
- करका दर कम र दायरा फराकिलो गराई कर तिर्ने बानीको विकास गराउन रणनीतिक कार्यक्रम संचालन गर्ने ।
- साना तथा टुक्रे योजनाहरु छनोट गर्ने कार्यलाई न्यूनिकरण गर्दै जाने ।
- कृषि तथा दुग्ध उत्पादन बृद्धि र उचित मूल्य प्राप्तिका लागि पहल गरिने छ ।
- शैक्षिक क्षेत्रको समग्र व्यवस्थापनको लागि तथ्यांकका आधारमा विद्यार्थी शिक्षक अनुपात, विषयगर शिक्षक व्यवस्था कार्यलाई कार्यान्वयनमा ल्याउन पहल गरिने छ ।
- गुणस्तरीह स्वास्थ्य सेवा प्रबर्धनका लागि नगर भित्रका सबै स्वास्थ्य संस्थाहरुको क्षमता अभिबृद्धि गर्दै लगिने छ ।
- नगरको संस्थागत बिकास तथा शुसासन प्रबर्धनका कार्यक्रमहरु संचालन गर्दै लगिने छ ।

सबै क्षेत्रको सकरात्मक सहयोगको अपेक्षा यस नगरपालिकाले गरेको छ ।

**प्रमुख अतिथी, विशिष्ट अतिथी, अतिथी एवं नगरसभाका सदस्यहरु तथा उपस्थित आदरणीय महानुभावहरु**

अन्त्यमा, नगरपालिकाले हालसम्म गरेका प्रगतिहरुको लागि नगरकार्यपालिकाका सदस्जज्यूहरु, बाणगङ्गा नगरपालिका परिवारमा हार्दिक धन्यवाद दिँदै हाल देखिएका समस्याहरुलाई समाधान गर्दै चुनौतीको सामना गर्न सबै सरोकारवाला सदस्यज्यूहरु र कर्मचारीहरुलाई हार्दिक अनुरोध गर्दछु । यस कार्यमा मेरो तथा सम्पूर्ण नगरपालिकाको भरपुर सहयोग हुने आश्वासन पनि यस नगरसभा मार्फत व्यक्त गर्न चाहान्छु । यस सभाको तयारी एवं व्यवस्थानको लागि गठन भएको नगरसभा व्यवस्थापन समिति एवं नगरपालिकाको समग्र विकासमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनु हुने यस समारोहका प्रमुख अतिथिज्यू, माननीय साँसदज्यूहरु, जिल्ला समन्वय समितका उपसंयोजकज्य, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, नगर उपप्रमुख सहित नगरसभाका सदस्यजयूहरु, विभिन्न सरकारी एवं गैर सरकारी निकायका प्रमुख एवं प्रतिनिधिज्यूहरु, नागरिक समाजका अगुवा, पत्रकारज्यूहरु, नगरपालिकाका सबै कर्मचारीहरु लगायत सम्पूर्ण नगरबासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

मंगल प्रसाद थारु
नगर प्रमुख

२. **राजस्वका दरहरुमा थप र संसोधनः-**

**निर्णयः** बाणगंगा नगरपालिकाको तेस्रो नगरसभाबाट आ.व.०७५।७६ को लागि पारित आर्थिक ऐन तपसिलका विभिन्न शिर्षकहरुमाथी संसोधन र सो ऐनमा छुट भएका शिर्षकहरु थप समेत गर्ने नगर सभाको सर्व सहमतीबाट निर्णय गरियो ।

(क) थप शिर्षक तर्फ

| सि.नं. | शिर्षक | दर्ता | नविकरण | कैफियत |
|---|---|---|---|---|
| १ | टेक्टर सोरुम | रु.१०,०००।- | रु.५,०००।- | |
| २ | ट्रक, बस, मिनि बस सोरुम | रु.१५,०००।- | रु.१०,०००।- | |
| ३ | हेवी मेशिनरी, डोजर, एक्साभेटर, लोडर आदी | रु.२०,०००।- | रु.१५,०००।- | |

(ख) शिर्षक र दररेट संसोधन तर्फ

| सि.नं. | शिर्षक | भएको | संसोधन गरिएको | कैफियत |
|---|---|---|---|---|
| १ | सूचना सम्बन्धी कागजातको प्रतिलिपी प्रति पाना | रु.५।- | रु.१०।- | |
| २ | ग्रेडरको प्रतिघन्टा | रु.४५००।- | रु.३५००।- | ईन्धन बाहेक |

३. **चालु आ.व.को लागि बिनियोजन भएको रकममध्ये विभिन्न शिर्षकमा रकमान्तर सम्बन्धमाः**

**निर्णयः** चालु आ.व.०७५।७६ मा बिनियोजन भई स्वीकृत भएका कार्यक्रमहरु मध्ये केही कार्यक्रमहरुमा रकम अपुग हुने देखिएको र केही कार्यक्रमहरुमा रकम बचत हुने देखिएकोले रकम नपुग हुने शिर्षकहरुमा रकम थप गर्नको लागि तपसिल बमोजिमको रकमान्तर गर्ने नगर सभाको सर्व सहमतीबाट निर्णय गरियो ।

## तपसिल

(क) चालु तर्फ

| सि. नं. | खर्च शिर्षक | खर्च संकेत | बिनियोजित रकम | घटाउने रकम | कायम हुने रकम | खर्च शिर्षक | खर्च संकेत | बिनियोजित रकम | बढाउने रकम | कायम हुने रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | २११११ | २करोड २३लाख | २४लाख ५० हजार | २करोड ५लाख ५०हजार | करार सेवा शुल्क | २२४१३ | ३५लाख | १७लाख ५०हजार | ५२लाख पचास हजार |
| २ | पारिश्रमिक कर्मचारी | २११११ | | | | अन्य सेवा शुल्क | २२४१९ | १५लाख | ७ लाख | २२ लाख |

(ख) पूजीगत तर्फ

| सि. नं. | खर्च शिर्षक | खर्च संकेत | बिनियोजित रकम | घटाउने रकम | कायम हुने रकम | खर्च शिर्षक | खर्च संकेत | बिनियोजित रकम | बढाउने रकम | कायम हुने रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अन्य सार्वजनिक निर्माण | ३११५९ | २करोड | १करोड ८लाख | ९२ लाख | भवन निर्माण | ३१११२ | ३करोड ५३लाख | १करोड ८लाख | ४करोड ६१लाख |

(ख.१) योजना संसोधन तर्फ

| सि. नं. | पेजनं. (सि.नं.) | बजेट उपशिर्षक | भएको | संसोधन गर्नुपर्ने | कैफियत |
|---|---|---|---|---|---|
| १ | ७५ (२१) | वाणगंगा नगरपालिका वडा नं.११ (८०५४९४०४२११) | पिपरा चाकर चौडा सडक वारवा चौक पूर्व सहरी स्वास्थ्य केन्द्र र पश्चिम चकर खन्डी सडक कालोपत्रे | पिपरा चाकर चौडा सडक वारवा चौक पूर्व सहरी स्वास्थ्य केन्द्र र पश्चिम चकर खन्ड र दुर्गा थारुको घरतर्फ जाने सडक खण्डको पक्की नाली निर्माण | |

४. **आ.व.०७४।७५ मा सम्पादन भएका कार्यहरुको महालेखा परीक्षकको कार्यालयबाट औंलाईएका बेरुजु सम्बन्धमाः**

**निर्णयः** महालेखा परीक्षकको कार्यालले आ व २०७४/०७५ मा यस कार्यालको लेखापरीक्षण गर्दा प्रारम्भिक प्रतिबेदनको देहाय अनुसारको बुदाहरुमा सैद्दान्तिक रुपमा उल्लेख गरेको निम्नानुसारको बेरुजु नगरसभाको सर्व सहमतीबाट नियमित गर्ने निर्णय गरियो ।

क) भौ.नं १५८ ०७६।०१।३१ वाट पिपरा विसनपूरा सडकमा कालोपत्रे गर्ने भनी नगरसभावाट आ.व. ०७४।०७५ का लागि रु २००००००। (वीस लाख) कार्यकम राखेको थियो । उक्त कार्यकम सम्पन्न गर्ने रु.२८,०३,८५९। ल.ई. तयार भई उपभोक्त समिति संग २०७४।७।२६ मा सम्फौता भएको थियो । सम्फौता सर्त बमोजिम ७२ प्रतिशत अर्थात २० लाख नगरपालिकाले व्यहोर्ने र २८ प्रतिशत अर्थात रु ८०३८५९। उपभोक्ता व्यहोर्ने कार्यकम राखेको थियो । स्थानीय जनताको माग बमोजिम भनी सडक कालोपत्रे गर्ने कार्यलाई स्थगीत गरी ग्राभेल कार्य गराई न्युन रकम मात्र कालो पत्रेको काम गरेको र रु.२४६७६६३३ कार्य सम्पन्न प्रतिवेदन पेश भएको छ । यसरी लागत अनूमान बमोजिम काम नहूदा उपभोक्ता समिति र नगरपालिकाले व्यहोर्ने अनूपात उपरोक्तबमाृजिम हूनू पर्नेमा ८१ प्रतिशत नगरपालिकाले १९ प्रतिशत उपभोक्ता समितिले व्यहोरोको पाईयो । अत समानूपातिक काट्टी नगरेको कारणबाट रु २,२३,३०५।०० नगरपालिकालाई बढी व्ययभार परेको देखिन्छ । नगरपालिकाको मिति २०७४।१२।२९ को निर्णयले सडकको नाम किटनी नगरी संसोधन गर्न सक्ने गरी निर्णय गरेको देखिन्छ । अत: संसोधनको कारणबाट नगरपालिकालाई बढी व्ययभार परेको रकम नगरसभाबाट अनूमोदन भएको नपाइएको भनि औंलाईएकोमा बढी खर्च भएको रकम रु. २,२३,३०५।०० नियमित गर्नको लागि समर्थन गर्ने ।

ख) भौ.नं ३५२ २०७५।०३।२५ बाट राजापानी वडा नं.३ मा वालउद्यान निर्माण गर्नको लागि रु १३,४४,९९५। को ल.ई. तयार भई उपभोक्ता समितिले रु २,४४,९९५।(२९ प्रतिशत बेहोर्ने र नगरपालिकाले रु ११,००,०००। , ८१ प्रतिशत बेहोर्ने गरी उपभोक्ता समितिसंग ०७४।०७।२६ मा सम्फौता भएको थियो । कार्यलयले पेश गरेको कार्य सम्पन्न प्रतिवेदन अनूसार लागत अनूमान अनूसार काम नभई रु १३,२३,३१६। मात्र काम भएको हुदा सोही अनुपातमा नगरपालिकाले व्यहोर्ने रकम पनि घटाई भूक्तानी दिनु पर्नेमा पूरै रकम भूक्तानी दिएको पाइएकोले अनूपातिक कट्टि फरक परेको रु २८,११४। सम्बन्धमा स्पष्ट गर्नूपर्ने भनी लेखी आएकोमा बढी भूक्तानी भएको रकम रु.२८११४।- लाई नियमित गर्नको लागि समर्थन गर्ने ।

ग) वडा नं. १० को वनकट्टी हुदै जयपुर बहादुरपुर सडकमा कालोपत्रे गर्नको लागि नगर सभाबाट रु २०,००,०००। को कार्यक्रम स्वीकृत भएको थियो । उपरोक्त समितिसंग मिति २०७४।१०।०१ मा भएको सम्फौता बमोजिम रु २० प्रतिशत उपभोक्ता समितिले व्यहोर्ने र ८० प्रतिशत कार्यालयले व्यहोर्ने शर्त रहेको थियो ।

भौ.नं २०३ ,२०७५।०२।०८ मा पेश भएको कार्यसम्पन्न प्रतिवेदन अनुसार रु २४३१६६८। निर्माण कार्य सम्पन्न भएको देखिन्छ । सम्झौताका शर्त बमोजिम ८० प्रतिशत मात्र कार्यालयले व्यहोर्नु पर्नेमा ८२।२५ प्रतिशत कार्यालयले व्यहोरेको र १७।७५ प्रतिशत उपभोक्ता समितिले व्यहोरेको देखिन्छ । अत: समानुपातिक कट्टी नगरी नगरपालिकालाई बढी व्ययभार परेको रु ५४६६५। नगरसभाबाट अनुमोदन हुनु पर्ने भनि लेखि आएकामा बढी व्यभार भएकोमा रकम रु.५४६६५।- लाई नियमित गर्नको लागि समर्थन गर्ने ।

घ) यस नगरपालिकाको मातहत वडा नँ ७ मा मोतिपुर देखि गडहवा सडकमा कालोपत्रे गर्ने भनी रु २० लाख वजेट ब्यावस्था गरेको थियो । उपभोक्ता समिति सँग रु २४०४८२० ल.ई. को काम मध्ये उपभोक्ता समितिले रु ४०४८२० व्यहोर्ने शर्त रहेको थियो। स्थानीय जनताको मागको कारण देखाइ कालोपत्रे कार्यक्रम सँशोधन गरी सडक ग्राभेल गर्ने र बाकी रकमले कालोपत्रे गर्ने भनी उपभोक्ता समितिले सँसोधन गरेको पाईयो। नगरपालिकाले २०७४।१२।२९ मा कार्यक्रम सँशोधन गर्न सक्ने गरि कार्यक्रम विशेष किटानी नगरी निर्णय गरेको आधारमा उक्त सँशोधन गरेको भन्ने कार्यालयको भनाई रहेको छ। सडक कालोपत्रे गर्ने जटिल कार्य नगरी ग्राभेल गर्ने सरल कार्य गरि उपभोक्ता समितिलाइ पुरै रकम भुक्तानी दिएको छ अतः एक पटक नगर सभाबाट पारित भएको कार्यक्रम बीचमा कार्यकारीले सँशोधन गरि खर्च भएको रकम नगर सभा बाट अनुमोदन गर्नु पर्दछ भनी लेखिआएको ले भूक्तानी भएको रकम रु.४,०४,८२०। -लाई नियमित गर्नको लागि समर्थन गर्ने।

५. **स्वास्थ्य सेवाको गुणस्तर सुधार सम्बन्धमा**

**निर्णय:** यस नगरपालिका क्षेत्रभित्र स्वास्थ्य सेवाको गुणस्तर र सेवाग्रहीहरुको सर्वसुलभ पहुँचका लागि यस नगरपालिका भित्रको एकमात्र सामुदायिक अस्पताल कपिलबस्तु सामुदायिक अस्पतालको लागि प्रशुति गृह निर्माणका लागि संघ र प्रदेश सरकार समक्ष माग गर्ने सर्व सहमतीबाट निर्णय गरियो ।

६. **नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण ऐलानी, वन तथा नम्बरी जग्गा र वडाहरुको सिमांकनको पुन:नापी सम्बन्धमा**

**निर्णय:** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ अनुसार स्थानीय तहको अधिकार क्षेत्र भित्र रहेको र सो को ब्यवस्थापनको लागि नगरपालिका संग प्रयाप्त तथ्यांक तथा नक्सा स्रोतहरु उपलब्ध नभएको । नगरपालिका क्षेत्र भित्र पर्ने धेरैजसो वडाहरुको क्षेत्रहरु कहाँ कति ऐलानी, सार्वजनिक जग्गा र बुट्यान बन क्षेत्र छ र साबिक गाबिसबाट टुक्रियर नगरपालिकाको २ वडाहरु बन्न गएकोमा ती वडाहरुभित्र पर्ने नागरिकहरुलाई सेवा प्रवाह गर्ने क्रमममा निकै जटिलताहरु देखिएको र स्पष्ट सिमांकन समेत नभएकोले सो को लागि नापी विभागबाट पुन:नापी गराउने निर्णय गरियो ।

७. **सम्बन्धित वडाभित्र रहेका सार्वजनीक स्थल तथा सम्पत्तिको रेखदेख तथा संरक्षण गर्ने सम्बन्धमा**

**निर्णय:** यस नगरपालिका भित्र रहेका प्राय: सबै वडाहरुमा रहेका सार्वजनि स्थल तथा सार्वजनिक सम्पत्ति र ऐलानी, वन, बुट्टयान क्षेत्रका जग्गाहरु समेत दिनानुदिन अतिक्रमणको चपेटामा पर्दै गईरहेका र त्यस्ता जग्गाहरुको समयमै संरक्षण गर्न नसके भविष्यमा व्यवस्थापन गर्न ठूलो चुनौती श्रृजना हुने हुँदा त्यस्ता सार्वजनिक स्थल तथा सम्पत्तिहरु र ऐलानी जग्गासमेतको संरक्षण सम्बन्धीत वडाहरुले गर्ने गरि निर्णय गरियो ।

८. **सुकम्बासी समस्याको समाधान सम्बन्धमा:-**

**निर्णय:** यस नगरपालिका भित्रका विभिन्न वडाहरुको छेउछाउ बनजंगलको किनारा, नदी उकास लगाएतका ठाउँहरुमा बस्ने गरेका कारण एकतर्फ सार्वजनिक, वन, जंगल, नदीउकास क्षेत्रको जग्गा अतिक्रमण हुने र अर्को तर्फ लालपूर्जा नभई घरटहराहरु बनाई बस्ने गरेका कारण वडाहरुबाट प्रवाह गरिने सम्पूर्ण सेवाहरुमा समेत कठिनाई भएकोले यस्तो सुकम्बासी समस्याको समाधानको लागि प्रदेश सरकारसंग माग गर्ने निर्णय गरियो ।

९. **विविध सार्वजनिक र समसामयिक महत्वका प्रस्तावहरु सम्बन्धमा :-**

**निर्णय:** निम्नानुसारका सार्वजनिक र समसामयिक महत्वका प्रस्तावहरु नगरसभाको सर्व सहमतिबाट पारित गर्ने निर्णय गरियो ।

- **दु:ख प्रकट सम्बन्धमा:** प्रदेश नं २ को बारा र पर्सा जिल्लामा यहि मिति २०७५ साल चैत्र १७ गते आएको हावा हुरीका कारण भएको ब्यापक धनजनको क्षतिप्रति बाणगंगा नगरपालीका नगर सभा गहिरो दु:ख प्रकट गर्दछ । पिडित परिबारको तत्काल राहात, उद्धार तथा पुनरुस्थापनाका लागि प्रदेश सरकार तथा संघिय सरकारलाई गम्भिरतापूर्वक लाग्न अनुरोध गर्दै यस बाणगंगा नगरपालीकाका नगरसभा सदस्य एव सम्पूर्ण कर्मचारीहरुबाट समेत यथासक्य सहयोग गरिने प्रस्ताव पारित गर्दछ ।

मंगल प्रसाद थारु
नगर प्रमुख

- **खेद प्रकट सम्बन्धमा:** यस बाणगंगा नगरपालीकको वडा नं ४ मा एक जना महिला अनिता पौडेलको हत्या भएकोमा यस्तो घटना प्रति खेद प्रकट गर्दै पछिल्लो पटक बढ्दै गएका महिला हिंसाका घटना प्रति गम्भीर ध्यानाकर्षण भएको र यस्ता हत्या तथा महिला हिंसा बिरुद्ध सबैलाई एक भएर लाग्न आव्हान गर्दछ ।
- **रेलमार्ग सम्बन्धमा:** प्रस्तावित पूर्व पश्चिम बिद्युतिय रेलमार्ग यस नगरपालीकको करिव बिच भाग भएर जाने गरी बिस्तृत परियोजना प्रस्ताव तयार भई रहेकोमा नगर सभा खुशी प्रकट गर्दछ । यसको बिस्तृत परियोजना प्रस्ताव तयार भई रहँदा सकेसम्म कम क्षति हुने गरी तयार गर्न र जनताहरुको जमीन, संरचना तथा सार्वजनिक स्थलहरुको उचित मुआब्जाको सुनिश्चिताको लागि जोडदार माग गर्दछ ।
- **बालमैत्रि स्थानीय शासन सम्बन्धमा:** सम्वत् २०७७ साल असोज महिना भित्र बाणगंगा नगरपालीकालाई बालमैत्रि स्थानीय शासन (CFLG) स्थानिय तहको रुपमा घोषणा गर्ने गरी आभियान सुरु भएकोमा सम्बन्धित सबै सरोकारवाला एवं समुदायलाई सहयोग र ऐक्यबद्धताका लागि आह्वान गर्दछ ।
- **भर्ना अभियान सम्बन्धमा:** नया वर्ष संगै नया शैक्षिक सत्र पनि सुरु हुने, बाणगंगा नगरपालीका पूर्ण भर्नायुक्त नगरपालीका घोषणा भई सकेको सन्दर्भमा सबै उमेर पुगेका बालबालीकालाई बिद्यालय ल्याउ, टिकाउ र सिकाउ भन्दै भर्ना अभियानमा लाग्न सम्बन्धित सबैलाई आव्हान गर्दछ ।
- **सचेतना सम्बन्धमा:** गर्मियाम एव हावा हुरीको मौसमसंगै राष्ट्रिय जंगल, सामुदायिक बन बस्ती लगायतमा आगलागि लगायतका प्रकोपहरु बढ्ने तथा ब्यापक धनजनको क्षति हुने संभावना हुँदा सम्बन्धित सबैलाई सतर्क रहन तथा आवश्यक सुरक्षा प्रणाली अपनाउन सम्बन्धित सबैलाई आह्वान गर्दछ ।
- **प्राकृतिक साधनहरुको संरक्षण सम्बन्धमा:** प्राकृतिक साधनको उचित संरक्षण सहित दिगो उपयोग हुनपर्दछ भन्ने कुरामा बाणगंगा नगरपालिका सचेत छ । सबै सरोकारवाला पक्षहरुलाई प्राकृतिक साधन स्रोतको दिगो विकास हुने गरी उपयोग गर्न ध्यानाकर्षण गराउँदै यस्ता स्रोतका क्षयीकरण, अनधिकृत ओसार पसार रोक्ने कार्यमा सहयोग पुर्याउन सबैमा हार्दिक अपिल गर्दछ ।
- **हार्दिक समवेदना तथा श्रदान्जली सम्बन्धमा:** यस नगर सभा सदस्य बाणगंगा नगरपालीका वडा नं. ८ बाट प्रतिनिधित्व गर्ने बिमला नेपालीको असामयिक दुखद निधन प्रति गहिरो दुख प्रकट गर्दै स्वर्गिय बिमला नेपाली प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछ । शोकको यस घडिमा सम्पूर्ण परिवारजन प्रति हार्दिक समबेदना प्रकट गर्दै शोक प्रस्ताव पारित गर्दछ । साथै वडा नं ८ अन्तरगत टोल बिकास संस्थाका अध्यक्ष एवं समाजसेवि सुर्य प्रसाद पाण्डे असामयिक दुखद निधन प्रति गहिरो दुख प्रकट गर्दै स्वर्गिय पाण्डे प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछ । शोकको यस घडिमा सम्पूर्ण परिवारजन प्रति हार्दिक समबेदना प्रकट गर्दै शोक प्रस्ताव पारित गर्दछ ।
- **शुभकामना सन्देश सम्बन्धमा:** नयाँ बर्ष २०७६ को सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा नयाँ उत्साह र उमङ्गसहित सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायु, भातृत्व, एकता एवम् समृद्धिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु गर्दै नयाँ वर्षको आगमनसँगै मुलुक नयाँ सोच, शैली र गन्तव्यसहित अगाडि बढ्नुपर्ने बेला भएकोले हामी सबैका लागि यो वर्ष सुखद र उपलब्धिमूलक बन्न सकोस भन्ने कामना साथै नयाँ जोश, उमङ्ग र उत्साहसहित नगरबासीहरुमा नयाँ वर्ष २०७६ ले खुसीको संचार सहित समृद्धिको सन्देश दिन सकोस् भन्ने शुभकामना प्रकट गर्ने निर्णय गरियो ।
- **धन्यवाद ज्ञापन सम्बन्धमा:** चौथो नगरसभा सम्पन्न गर्न सहयोग पुर्याउनुहुने सबै नगर सभा सदस्य ज्यूहरु, कार्यक्रमको संयोजन गर्नुहुने समितिका पदाधिकारी ज्यूहरु, सभाहल को व्ययस्थापनमा सहयोग गर्नुहुने हिलबर्ट बोर्डिङ स्कूल परिवार, विभिन्न संघसंस्था, नागरिक समाज, आमासमूहहरु, टोलविकास संस्था, महिला स्वयंसेविक, संचारकर्मी, राष्ट्रसेवक कर्मचारी लगाएत नगर सभालाई सफल बनाउन प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्ने सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

मंगल प्रसाद थारु
नगर प्रमुख